# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

## संविधान दिवसको शुभकामना

संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधानसभाबाट पारित गरि संविधान जारी गरेको ऐतिहासिक दिन तथा राष्ट्रिय दिवसको शुभ अवसरमा कुश्मा नगरपालिका, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली बुबाआमा, दिदीबहिनी तथा दाजुभाइमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । यस अवसरमा राष्ट्रहित, लोकतन्त्र तथा अग्रगामी परिवर्तनको लागि गरिएका ऐतिहासिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवनको उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्दासुमन अर्पण गर्दछौं ।

संविधान शासकीय स्वरूप निर्धारण र सार्वभौमसत्ता उपयोगको दस्तावेज हो । नेपालको वर्तमान संविधानमा सार्वभौमसत्ता नेपाली जनतामा निहित गरिएको छ । संविधानमा शासकीय स्वरुप संघीय लोकतान्त्रिक व्यवस्था अंगिकार गरि संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गरिएको छ । तीन तहबीचको सम्बन्ध सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । बलियो संघीयतामा तल्लो तह अथवा स्थानीय तह अधिकार सम्पन्न हुन्छ । संविधानतः स्थानीय तहलाई प्रस्ट र प्रर्याप्त अधिकार प्रदान गरिएको छ । कार्यान्वयनतः त्यो अधिकार स्थानीय तह र स्थानीय जनताले अनुभुति अझै पाउन सकेको छैन । स्थानीय तह जनतालाई सरकार भएको अनुभूति ( Government Feelings ) गराउने, सेवा प्रवाह घर घरमा पुर्याउने, जनताको सुख दुः खमा साथ दिने, जनताको नजिकको सरकारको रुपमा रहेको छ । नेपालको वर्तमान संविधानले प्रदान गरेको स्थानीय तहको अधिकारको पूर्ण कार्यन्वयन, प्रदेश र संघ सरकारसँग समन्वय र सहकार्य मार्फत मात्र लोकतान्त्रिक मूल्य मान्यताको प्रबर्द्धन, मौलिक हकको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढिकरण, राष्ट्रिय एकता कायम र समाजवाद उन्मुख स्वतन्त्र समृद्ध अर्थतन्त्रको विकास हुनेछ ।

अन्त्यमा संविधान दिवस २०७९ को पावन अबसरमा नेपालको संविधानले व्यवस्था गरेअनुरूप स्थानीय सरकारको अधिकार र कर्तव्यको पूर्ण पालना र कार्यान्वयन मार्फत **"सुन्दर समृद्ध कुश्मा नगर"**को निर्माण गर्ने प्रतिबद्धताका साथै संविधानले व्यवस्था गरेको मौलिक हक तथा अधिकारमा जनताको पहुँच पुग्ने, विश्वास व्यक्त गर्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**असोज ३, २०७९**

रामचन्द्र जोशी
प्रमुख

**फोन नं :०६७-४२०१४१, वेबसाइटः www.kushmamun.gov.np, ईमेल : info@kushmamun.gov.np**

CamScanner